**<u>सूचना नं. ४</u>**

**नेपाल दूरसञ्चार प्राधिकरणको**

**<u>कार्यालय सञ्चालन सम्वन्धमा</u>**

१. नेपाल दूरसञ्चार प्राधिकरणबाट स्वीकृत “प्राधिकरणको सेवा सञ्चालन मार्गदर्शन, २०७७” को बुदा नं. ३ मा बढीमा एक तिहाई कर्मचारीको उपस्थितिमा सेवा प्रदान गर्ने भन्ने व्यवस्था रहेको भएतापनि हाल प्राधिकरणमा ८ जना भन्दा बढी कर्मचारीहरु संक्रमित रहेको र संक्रमण अझ बढ्न सक्ने भएकोले कोभिड–१९ को दोश्रो चरणको संक्रमणलाई समेत मध्यनजर गर्दै महाशाखा प्रमुखले प्राधिकरणको काममा बाधा नपर्ने गरी मिति २०७८ बैशाख १५ गते देखि अर्को व्यवस्था नभएसम्मको लागि Work From Home को व्यवस्था मिलाउने ।

२. Work From Home बाट कार्य गर्ने कर्मचारीहरुले अनिवार्य रुपमा E-attendance System बाट Outing अन्तर्गत आ–आफ्नो विदा स्वीकृत गर्ने अधिकारी मार्फत पूर्व स्वीकृति लिनु पर्ने । यसरी स्वीकृत लिने प्रयोजनको लागि Outing स्वीकृत गर्ने अधिकार श्रेणी बिहिन कर्मचारीको लागि मानव संशाधन विकास तथा आन्तरिक प्रशासन शाखा प्रमुख, सहायक र सहायक निर्देशकको लागि सम्वन्धित महाशाखा प्रमुखलाई अधिकार प्रत्यायोजन गरिएको छ ।

३. Work From Home बाट कार्य गर्ने कर्मचारीहरु अनिवार्य रुपमा बिहान १०:०० बजे देखि ५:०० बजेसम्म अनलाईन बसि Office Automation System बाट कार्य सम्पन्न गर्नु पर्नेछ र कार्यालयलाई आवश्यक परेमा सम्बन्धित महाशाखा प्रमुखको निर्देशनमा भौतिक रुपमा उपस्थित भई कार्यालयको कामकाज गर्नु पर्नेछ ।

४. प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुको हकमा प्राधिकरणबाट हुने सहजीकरणका काम नियमित रुपमा यथावत हुनेछन र सो प्रयोजनको लागि सेवा प्रदायकहरुले इमेल ठेगाना ntra@nta.gov.np र info@nta.gov.np मा पत्राचार गर्नु हुन जानकारी गराईन्छ ।

५. प्राधिकरणको सवारी साधन प्रयोग गर्नु पर्ने भएमा महाशाखा प्रमुखले कारण सहित खुलाई १ दिन अगावै प्रशासन महाशाखामा जानकारी गराउनु पर्नेछ ।

६. निर्देशक (महाशाखा प्रमुख) को हकमा अध्यक्षज्यूबाट लिखित स्वीकृति लिएर मात्र Work From Home बाट कार्यालयको कामकाज गर्न सकिनेछ ।

७. यदि कुनै पनि समस्या परेमा प्राधिकरणका उपनिर्देशक श्री संदिप अधिकारी (९८४१२३५६८८) वा सूचना अधिकारी श्री सुर्य प्रसाद लामिछाने (९८५११५३७९३) लाई सम्पर्क गर्न सकिनेछ ।

८. अन्य व्यवस्था नेपाल दूरसञ्चार प्राधिकरणबाट स्वीकृत "प्राधिकरणको सेवा सञ्चालन मार्गदर्शन, २०७७" बमोजिम हुनेछ ।

मानव संसाधन बिकास तथा आन्तरिक प्रशासन शाखा
मिति : २०७८/०१/१४